Volume 4

Annex 4.36a: Mid-Western University Autonomy Bi-laws 2075; Formation of Selection Committee (P.16)

मध्यपश्चिमाञ्चल विश्वविद्यालय

सुर्खेत, नेपाल

स्वायत्तता सम्बन्धी नियमावली, २०७५

(६) केन्द्रीय स्तरमा रहेको परीक्षा समितिले बिएका नीतिको पालना गर्नु ।

(७) परीक्षा सम्बन्धी सम्पूर्ण गतिविधि झल्किने वार्षिक प्रतिवेदन केन्द्रीय स्तरमा रहेको परीक्षा समिति र व्यवस्थापन परिषदलाई उपलब्ध गराउनु ।

(८) परीक्षा सम्बन्धी सम्पूर्ण कार्य सम्पन्न भई नतिजा समेत प्रकाशित भईसके पछि परीक्षामा उत्तीर्ण विद्यार्थीहरुलाई स्थाई प्रमाणपत्र उपलब्ध गराउन केन्द्रीय स्तरमा रहेको परीक्षा समितिको कार्यालयमा रेकर्ड (अभिलेख) पठाउनु ।

(९) स्वायत्तता प्राप्त क्याम्पस वा निकाय अन्तर्गतका विद्यार्थीहरुलाई विश्वविद्यालयबाट प्रदान गरिने प्रमाणपत्रमा सम्बन्धित क्याम्पस वा निकायको नाम समेत उल्लेख गर्न लगाउने ।

(१०) तोकिए वमोजिम अन्य काम गर्ने ।

## परिच्छेद- ८
## पदपूर्ति समिति

२२. **पदपूर्ति समितिको गठन र अन्य व्यवस्था:-** (१) स्वायत्तता प्राप्त क्याम्पस वा निकायको रिक्त दरवन्दीहरुमा निश्चित अवधिको नियुक्ति (Term Appointment) वा करार सेवा अन्तर्गत आवश्यक शिक्षक वा कर्मचारीको नियुक्तिका लागि उम्मेदवार सिफारिश गर्न एक पदपूर्ति समिति रहने छ ।

(२) पदपूर्ति समितिको गठन देहाय वमोजिम हुने छ:-

(क) संचालक परिषदले तोकेको व्यक्ति -अध्यक्ष

(ख) सम्बन्धित विभागीय प्रमुख वा प्राध्यापक एक जना -सदस्य

(ग) सम्बन्धित संकायका डीनद्वारा मनोनित विषय विज्ञ प्राध्यापक वा सह प्राध्यापक एक जना सदस्य

(घ) प्रशासन प्रमुख -सदस्य -सचिव

(३) उपनियम (२) को खण्ड (ख) वमोजिम सम्बन्धित विभागीय प्रमुखको सट्टा कुनै प्राध्यापक नियुक्त गर्नु पर्ने भएमा खण्ड (ख) वमोजिमको सदस्यको मनोनयन व्यवस्थापन परिषदले गर्ने छ । सो सदस्यको पदावधि दुई वर्षको हुने छ ।

(४) पदपूर्ति समितिको बैठकमा उपस्थित अध्यक्ष, सदस्य र सदस्य सचिव तथा आमन्त्रित विज्ञहरुलाई व्यवस्थापन परीषदबाट तोकिएको बैठक भत्ता उपलब्ध गराइने छ ।

२३. **पदपूर्ति समितिको उम्मेदवार सिफारिश सम्बन्धी प्रक्रिया:-** स्वायत्तता प्राप्त क्याम्पस वा निकाय अन्तर्गत रिक्त रहेका दरवन्दीमा शिक्षक वा कर्मचारी नियुक्ति गर्नको लागि पदपूर्ति



समितिले उम्मेदवार छनौट गरी सिफारिश गर्न अवलम्बन गर्ने प्रक्रियासंचालक परीषदले तोके वमोजिम हुने छ ।

## परिच्छेद - ९
## स्वायत्तता प्राप्त स्कूलको डीन / निकाय प्रमुख

२४. **डीन / निकाय प्रमुख:** (१) स्वायत्तता प्राप्त क्याम्पस वा निकायको शैक्षिक, आर्थिक तथा प्रशासनिक कार्य संचालनका लागि स्कूलमा एक जना डीन वा अन्य निकायमा निकाय प्रमुख रहने छ ।

(२) क्याम्पस / निकाय प्रमुखको नियुक्ति संचालक परिषदले गर्ने छ ।

(३) क्याम्पस / निकाय प्रमुख संचालक परिषद प्रति उत्तरदायी हुने छ ।

(४) क्याम्पस वा निकाय स्वायत्ततामा जानु पूर्व नियुक्त भएको क्याम्पस वा निकाय प्रमुख क्याम्पस वा निकाय स्वायत्ततामा गए पछि पनि निजको पदावधि बांकी रहेसम्म कायम रहने छ ।

(५) क्याम्पस / निकाय प्रमुखको पदावधि ४ चार वर्षको हुने छ ।

२५. **डीन / निकाय प्रमुखको काम, कर्तव्य र अधिकार:-** डीन वा निकाय प्रमुखको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुने छ:-

(१) क्याम्पस वा निकायको शैक्षिक, आर्थिक तथा प्रशासनिक जिम्मेवारी लिई संचालन गर्ने ।

(२) क्याम्पस वा निकायको लागि आवश्यक हुने शिक्षक र कर्मचारीलाई रिक्त दरवन्दीमा सम्बन्धित विषयको अध्यापन गराउन र कर्मचारीलाई प्रशासनिक कार्यमा लगाउनको निमित्त करारमा नियुक्ति गर्नको लागि उम्मेदवार सिफारिश गरी बिन शिक्षक, कर्मचारीको तह समेत खोली पदपूर्ति समितिमा अनुरोध पठाउने र पदपूर्ति समितिको सिफारिश प्राप्त भएका उम्मेदवारलाई सो पदमा नियुक्ति दिने,

(३) राम्रो काम गर्ने शिक्षक र कर्मचारीलाई पुरस्कार र अन्य सुविधा प्रदान गर्ने । आचार संहिता विपरित काम गर्ने शिक्षक वा कर्मचारीलाई तोकिए वमोजिमको हदसम्म नियमानुसार सजाय गर्नको लागि व्यवस्थापन परिषदमा सिफारिश गर्ने,

(४) क्याम्पस वा निकाय मातहतका शिक्षक तथा कर्मचारीहरुको बिचा स्वीकृत गर्ने कार्य सम्पादनको मूल्यांकन गर्ने, कार्य विभाजन गर्ने र सेवाको अभिलेख राख्ने,